# नेपाल गजेट

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं ज्येष्ठ १३ गते २०१६ साल [अतिरिक्ताङ्क ३

# शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणिनरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जंङ्गबहादुर शाह बहादुर शमशेर, जंङ्गदेवानाम् सदा समर विजयीनाम् ।

आगे प्यारा प्रजाहरू गैन्हके यथोचित,

हाम्रो इच्छानुसार मुलुकको सर्वप्रथम आम निर्वाचनको काम सबको सहयोगले शान्तिपूर्वक सम्पन्न भएकोमा हामीलाई अत्यन्त खुशी लागेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सम्वत् २०१५ साल ज्येष्ठ २ गते रोज ५ का दिन नेपाली कांग्रेसका श्रीसुवर्णशमशेर ज.व. राणाको अध्यक्षतामा गठन गरिएको मन्त्रिपरिषद्को प्रशासनकालमा भएको दुइ काम, सम्वत् २०१५ साल फाल्गुण १ गते रोज५का दिन घोषणा भएको नेपाल अधिराज्यको संविधान र सोही साल फाल्गुण ७ गते शुरू भएको आम निर्वाचनको काम विशेष गरेर उल्लेखनीय छ । यसको निमित्त यो मन्त्रिपरिषद्का अध्यक्ष, अरू सदस्यहरू, चीफ निर्वाचन कमिश्नर र कर्मचारीहरू तथा अन्य सम्बन्धित सबै सरकारी कर्मचारी र देशमा अमन चयन कायम राखी कार्य सुसम्पन्न गर्ने गैर्ह नेपाली देशवासीहरू पनि हाम्रा विशेष धन्यवादका पात्र छन् । अब यस मन्त्रिपरिषद्का नेता श्रीसुवर्णशमशेर जङ्गबहादुर राणाले केही दिन अघि हाम्रा हजुरमा पेश गरेको राजीनामा स्वीकार गरी यो मन्त्रिपरिषद्का अध्यक्ष तथा सबै सदस्यहरूलाई यथायोग्य धन्यवाद व्यक्त गर्दै उक्त मन्त्रिपरिषद् यही घोषणाद्वारा आज विघठन गरिबक्सेका छौं ।

(३) नयाँ संविधान लागु गर्नालाई हुन पर्ने प्रवन्ध नभएसम्म यी हुनुपर्ने प्रवन्ध समेत सकेसम्म चांडो मिलाउन र घोषित भएको संविधानलाई पूर्णरूपले पालन गरी मुलुकमा प्रजातान्त्रिक संसदीय व्यवस्थाको जग मजबूत बनाउन, तथा ऐन कानूनको आधारमा यस अधिराज्यको जनजीवनलाई उत्थान र विकास गर्नालाई हालै भएको निर्वाचनमा बहुमत प्राप्त राजनैतिक दलका नेता श्री विश्वेश्वरप्रसाद कोइरालालाई प्रधान मन्त्री पदमा नियुक्त गरी निजको सल्लाह अनुसार प्रजातान्त्रिक पद्धति कायम गरी देहायका व्यक्तिहरूको एक मन्त्रिमण्डल हाल नेपाल अन्तरिम शासन विधान २००७ बमोजिम गठन गरिबक्सेका छौं ।

| | |
|---|---|
| (१) श्री विश्वेश्वरप्रसाद कोइराला | प्रधानमन्त्री, |
| (२) श्री सुवर्णशमशेर जङ्गबहादुर राणा, | उप प्रधान मन्त्री, |
| (३) श्री गणेशमान सिंह, | मन्त्री, |
| (४) श्री सूर्यप्रसाद उपाध्याय, | मन्त्री, |
| (५) श्री रामनारायण मिश्र, | मन्त्री |
| (६) श्री काशीनाथ गौतम, | मन्त्री |
| (७) श्री परशुनारायण चौधरी, | मन्त्री |
| (८) श्री शिवराज पन्त, | मन्त्री |

---

| | |
|---|---|
| (१) श्री प्रेमराज आङदेम्बे, | उप मन्त्री |
| (२) श्री ललितचन्द, | उप मन्त्री |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (३) श्री द्वारिकादेबी ठकुरानी, | उप मन्त्री |
| (४) श्री मानबहादुर गुरुङ्ग, | उप मन्त्री |
| (५) श्री जमानसिंह गुरुङ्ग, | उप मन्त्री |
| (६) श्री नेवबहादुर मल्ल, | उप मन्त्री |
| (७) श्री योगेन्द्रमान शेरचन्द, | उपमन्त्री, |
| (८) श्री तुलसी गिरी, | उप मन्त्री |
| (९) श्री शिवप्रताप शाह, | उप मन्त्री |
| (१०) श्री दिवान सिंह राई, | उप मन्त्री |
| (११) श्री सूर्यनाथदास यादव, | उप मन्त्री |

४। अहिले गठन गरिएको नयाँ सरकारलाई प्रजातान्त्रिक पद्धति अनुसार हरकिसिमबाट सबैले सहयोग दिऊन् भन्ने हाम्रो अभिलाषा पनि छ।

५। श्री पशुपतिनाथले सबैलाई मुलुकको निर्माण र उत्थानको कामको निमित्त सुबुद्धि र बल प्रदान गरून्। जयनेपाल।

राजदरबार, काठमाडौं।

इति सम्वत् २०१६ साल ज्येष्ठ १३ गते रोज ४ शुभम्।

सरकारका आदेश बमोजिम
चन्द्रबहादुर थापा
श्री ५ को सरकारको मुख्य सचिव

गोरखापत्र छापाखानामा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।